# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति: २०८१ कात्तिक १६ गते

**शोक विज्ञप्ति**

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य प्रदीप काफ्लेलाई मातृशोक परेको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ । उहाँकी ७६ वर्षीया ममतामयी आमा दीपकुमारी काफ्लेको हृदयघातका कारण बिहीबार राति ११:३० बजे मणिपाल शिक्षण अस्पताल, पोखरामा उपचारको क्रममा निधन भएको हो । तनहुँको ब्यास-३, दमौली निवासी स्वर्गीय काफ्लेका महासंघ केन्द्रीय सदस्य प्रदीप काफ्लेसहित तीन छोरा र तीन छोरी हुनुहुन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडी महासंघ केन्द्रीय सदस्य प्रदीप काफ्लेसहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना व्यक्त गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org